नेपाल सरकार

डिभिजन प्रमुख

पुर्वाधार विकास मन्त्रालय

सडक विभाग

हेभी इक्विप्मेन्ट डिभिजन, पोखरा

## लिलाम सम्बन्धी सुचना

**बोलपत्र सुचना नं. HEDPKR/AUCTION/०१/२०८२-०८३**

**प्रथम पटक सुचना प्रकाशित मितिः २०८३/०२/२१**

१. यस डिभिजनमा रहेका पूराना लिलामी अवस्थाका निम्न सामानहरु बोलपत्रको माध्यमद्धारा लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिनभित्र इच्छुक खरिदकर्ताहरूबाट सिलवन्दी बोलपत्र आव्हान गरिन्छ । बोलपत्र सम्बन्धी कागजातहरू www.bolpatra.gov.np/egp बाट डाउनलोड गरी E-Bidding मार्फत इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले दर्ता गर्न सकिनेछ। यस सम्बन्धमा विस्तृत व्यहोरा बोलपत्र फाराम उल्लेख गरिएको छ । यस अतिरिक्त अन्य कुरा बुझ्नु परेमा वा सम्पति तथा मालसामान हेर्न चाहेमा यस डिभिजनको जिन्सी शाखामा सम्पर्क राख्न अनुरोध छ ।

२. बोलपत्र फाराम पाउने स्थान र समय श्री सडक विभाग, हे.ई.डि. पोखरा, कार्यालय समय भित्र ।

३. बोलपत्र फाराम दस्तुर रु.१,०००/- (फिर्ता नहुने) बोलपत्र खरिद गर्न लाग्ने राजस्व दस्तुर राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, पोखरा शाखामा रहेको राजस्व खाता नं.१०००१००२०००१००००, राजस्व शिर्षक नं.१४२२९, हे.ई.डि. पोखराको कार्यालय कोड नं. ३३७०१३९०२ मा वा यसै कार्यालयमा नगद बुझाई वापत प्राप्त सक्कलै बैंक भौचर निवेदनसाथ तथा बुदा नं. १० मा उल्लेख गरेअनुसारका कागजात पेश गरिसकेपछि बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ।

४. बोलपत्र खरिद अन्तिम मितिः प्रथम पटक सुचना प्रकाशित भएको मितिले २१ औं दिन कार्यालय समय सम्म ।

५. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिः प्रथम पटक सूचना प्रकाशित भएको मितिले २२ औं दिनको १२:०० बजेसम्म ।

६. बोलपत्र पेश गर्ने स्थान श्री सडक विभाग, हे.ई.डि. पोखरा ।

७. बोलपत्र खोलिने समय, मिति र स्थान २२ औं दिनको १२:०० बजे, श्री सडक विभाग, हे.ई.डि. पोखरा ।

८. धरौटी रकम कबोल अंकको ५% (भ्याट सहितको) जम्मा गर्नुपर्नेछ ।

९. धरौटी जम्मा गर्ने बैंकको नाम, खाता नं. र कार्यालय कोड नं. बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, पोखराको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, पोखरा

शाखामा रहेको धरौटी खाता नं.३०२०१००१०२०३००००, हे.ई.डि. पोपखराको कार्यालय कोड नं.३३७०१३९०२ मा दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन (बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखी म्याद भएको बैंक जमानतपत्र (Unconditional Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत वापतको बैंक भौचर, रसिद वा बैंक जमानतपत्र यो सूचना प्रकाशित भएको मिति पछिको हुनुपर्नेछ।

१०. बोलपत्र खरिद गर्न इच्छुक व्यक्तिले वा संस्थाले पेश गर्नु पर्ने कागजातहरु:-

(क) फर्म भए नविकरण भएको ईजाजत पत्रको प्रमाणित प्रतिलिपि

(ख) आ.व.२०८१/०८२ सम्मको कर चुक्ताको प्रमाणित प्रतिलिपि

(ग) व्यक्ति भए नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

११. बोलपत्र दाखिला गर्ने दिन वा खोलिने दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनको १२:०० बजेसम्म दाखिला गर्ने र ०२:०० बजे खोलिने छ ।

१२. बोलपत्र फाराम सिलबन्दी नभएको, बोलपत्र दाताको सही छाप नभएको, म्याद भित्र दाखिला नभएको, तोकिएको धरौटी रकम जम्मा नभएको ईत्यादि कुनै कारणबाट रित नपुगेको बोलपत्र माथि कारबाही हुने छैन ।

१३. बोलपत्र स्वीकृत वा रद्द गर्ने सम्पुर्ण अधिकार यस डिभिजनमा निहित रहनेछ।

१४. बोल कबोल गरेको कुल जम्मा रकममा मूल्य अभिवृद्धि कर १३ प्रतिशत (भ्याट) अतिरिक्त लाग्नेछ ।

१५. विस्तृत विवरण र लिलाम हुने सामानहरु हेर्नका लागि कार्यालय समय भित्र यस डिभिजनमा हेर्ने व्यवस्था मिलाईने छ ।

नेपाल सरकार पूर्वाधार विकास मन्त्रालय सडक विभाग श्री हेभि इक्विपमेन्ट डिभिजन, पोखरा

डिभिजन प्रमुख